श्री जिल्ला प्रशासन कार्यालय
विराटनगर मोरङ्ग ।

## मोटरसाइकल/स्कुटरको लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति:-२०८१/०९/२९ गते

मोरङ्ग जिल्ला अदालत मा विभिन्न मुद्दाहरुमा कसूरजन्य सवारी साधनहरु दशीका रुपमा प्राप्त भएका (कार/जिप) थान-३ (तिन) लिलाम गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुवाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र मिति २०८१/१०/२० गते सम्ममा वोलपत्र फारम भरी कार्यालय समयमा पेश गर्न आव्हान गरिएको छ । वोलपत्र लिलाममा सहभागी हुनेले पालाना गर्नुपर्ने शर्त लगायतका अन्य विस्तृत बिषयमा यस कार्यालयमा सम्पर्क गर्नुहोला भनि यो सूचना आव्हान गरिएको छ । म्याद सकिएपछि पेश भएका वोलपत्र फारमहरु मान्य हुने छैन ।

लिलाम विक्रि हुने सवारी साधन (कार/जिप) को विवरण

| सि.नं. | सवारी नं. | ईन्जिन नं. | चेसिस नं. | किसिम | मुल्य रु. |
|---|---|---|---|---|---|
| १ | बा.१५ च ७९१६ | G4LA4M129582 | MBLKCS284JGGOO2728 | कार | ४,२७,०००/- |
| २ | BR32PA2836 | WGH4D20110 | MA1TA2WGXH2D39086 | जिप | ५,५०,०००/- |
| ३ | BR 11 AK 1791 | S13A3397783 | MA3EWB62SJL605496 | कार | ५,७५,०००/- |

शर्तहरु:

१) वोलपत्र दस्तुर- वोलपत्र दस्तुर रु २०००/-(दुई हजार) हुनेछ । इच्छुक वोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) औं दिनसम्म कार्यालय समयमा जिल्ला प्रशासन कार्यालय भित्र रहेको प्रभु वैंक लिमिटेड को एक्सटेन्सन काउन्टरमा राजश्व खाता नं ००६०११४२७८६००१२२ मा कार्यालयको कोड नं ३१४९२१३०३ राजश्व शिर्षक नं १४२१२ (फिर्ता नहुने गरी) रु.२,०००।— (दुई हजार) दाखिला गरेको सक्कल भौचर अध्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपी पेश गरी यस कार्यालयको मुद्दा शाखावाट फारम खरिद गर्न सकिने छ ।

२) वोलपत्र खरिद अन्तिम मिति —यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) औं दिनको कार्यालय समयमा दिनको १२.०० वजे सम्म।

३) वोलपत्र दर्ता अन्तिम समय मिति - यो सूचना प्रकासित भएको मितिले २१(एक्काईस) औं दिनको कार्यालय समयभित्र जिल्ला प्रशासन कार्यालयको मुद्दा फाँटमा ।

प्रशासकीय अधिकृत

४) वोलपत्र खोलिने समय मिति र स्थान- यो सूचना प्रकाशन भएको मितिले २२ (वाईस) औं दिनको २.०० बजे जिल्ला प्रशासन कार्यालय मोरङको वैठक कक्षमा त्यसै दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट खोलिनेछ । वोलपत्रदाता उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

५) धरौटी रकम — लिलाम वोल्नु अघि नै मूल्यको १० प्रतिशतले हुने नगदै कोष तथा लेखा नियन्त्रण कार्यालय मोरङको कृषि विकास वैंक विराटनगरको महेन्द्रचौकमा रहेको खाता नं.०६०१६०१०१४०७००४५ कार्यालयको कोड ३१४९२१३०३ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।लिलाम अङ्क बढ्दै गएमा सो अनुपातमा धरौटी थप गर्दै जानुपर्नेछ ।

६) ईच्छुक फर्म/कम्पनी/व्यक्तिले लिलाम हुने मालसामानहरु हेर्न चाहेमा कार्यालय समयमा दिउसो २.०० बजे देखि ५.०० बजे सम्म मोरङ्ग जिल्ला अदालतको तहसिलदार शाखा शाखामा सम्पर्क गरि हेर्न सकिनेछ। लिलाम हुने मालसामानहरु एक मुष्ठरुपमा वोलकवोल गर्नुपर्नेछ ।

७) वोलपत्र दाखिला गर्दा खाममा वोलपत्रदाताले नामथर ठेगाना सम्पर्क नं. समेत खुलाई पेश गर्नु पर्ने छ ।रित नपुगेको वा म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्तसहितको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९) वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयको मूल्याङ्कन समितिमा निहित रहनेछ ।

१०) वोलपत्रदाताले वोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ दिनभित्र वोलपत्रमा कवोल गरेको अंक रकम जिल्ला प्रशासन कार्यालयको धरौटी खाता कोष तथा लेखा नियन्त्रण कार्यालय मोरङको कृषि विकास वैंक विराटनगरको महेन्द्रचौकमा रहेको खाता नं.०६०१६०१०१४०७००४५ कार्यालयको कोड नं. ३१४९२१३०३ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ रकम जम्मा गरेको सक्कल भौचर पेश गरि लिलाममा परेको सम्पूर्ण सामानहरु उठाई लैजानु पर्नेछ। वोलपत्रदाताले आफुले कवोल गरेको रकममा १३ प्रतिशतले हुन आउने मु.अ.कर समेत थप गरि दाखिला गर्नु पर्नेछ।

११) लिलाम भएका सवारीहरु दर्ता/नामसारी सम्वन्धमा कानून अनुसार हुनेछ ।

१२) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

२०७१।३।२९

प्रशासकीय अधिकृत